# जलजला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ लामाखेत पर्वत,  संख्याः ५ मितिः २०८१।१०।०१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम जलजला गाउँपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१

# बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१

**प्रस्तावनाः** गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितत गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा 226 को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) र स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 102 ले दिएको अधिकार प्रयोग गरी जलजला गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -1
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस कार्यविधिको नाम "बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" रहेकोछ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(1) "अध्यक्ष" भन्नाले जलजला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(2) "उपाध्यक्ष" भन्नाले जलजला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(3) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जलजला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामगर्ने कर्मचारी सम्झनुपर्छ । सो शब्दले जलजला गाउँपालिकाको गाउँ सभा तथा कार्यपालिका सदस्य सचिव समेतलाई वुझाउछ ।

(4) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, 2075 भन्ने सम्झनु पर्छ।

(5) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, 207८ सम्झनु पर्छ।

(6) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(7) "बाल गृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कानून बमोजिम दर्ता

भै परिषदबाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पको रुपमा पठाइएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(8) "बाल क्लब" वा "बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्षपूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार सम्बन्धित स्थानीय तहमा दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ ।

(9) "बाल कोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधिको दफा 2० बमोजिम स्थानीय तहमा स्थापना गरिएको स्थानीय बाल कोष सम्झनु पर्छ।

(10) "बाल बालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(11) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा स्थानीय तहमा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(12) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(13) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम गाउँपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको अधिकारी सम्झनु पर्छ ।

(14) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा 48 बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(15) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम गाउँपालिकामा सूचीकृत भएका वा सूचीकृत भइ नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(16) "समिति" भन्नाले गाउँपालिकामा स्थापित गाउँ बाल अधिकार समिति सम्झनु पर्छ।

(17) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि

प्रचलित कानून बमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनु पर्छ।

(18) "सेवा प्रदायक निकाय" भन्नाले गाउँपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुन:स्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनु पर्छ।

(19) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ।

## परिच्छेद -2

## उद्देश्य

**3.** **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(1) गाउँपालिकामा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्त गर्नु,

(2) बालबालिकासँग सम्बन्धित योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु।

## परिच्छेद -3

## बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन, परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था

4. बाल अधिकारको संरक्षणः गाउँपालिकाभित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ।

5. बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन र प्रवर्धन गर्नका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछः-

   (1) जलजला गाउँपालिकाभित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण-पत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ।

(2) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरू गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(3) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्च, डेस्क टेबुल, उज्यालो कोठा र हावा राम्ररी आवत जावत हुने), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवम् लैङ्गिकमैत्री र अपाङ्गतामैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, महिनावारी सामग्री तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित बालमैत्री पठन पाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकूद र सामानको व्यवस्था गरिनेछ ।

(4) गाउँपालिकाभित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(5) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरूको अनुगमन तथा मूल्याङ्क गरी समीक्षा गरिनेछ ।

(6) कम्तीमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ।

(7) कुनै पनि विद्यालयको 200 मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सूर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत 18 वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ।

(8) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाइ सहज देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ।

(9) बालबालिका विरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा,

दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बाल विवाह, बाल श्रम रोकथाम र अन्त्य गर्न, बाबुआमा विहीन र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न सहजीकरण गरिनेछ।

(10) बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (नि:शुल्क टेलिफोन नं. सेवा १०९८-दश नौ आठ) लगायत सम्बन्धित सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारीस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचविखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा (नि:शुल्क टेलिफोन नं. सेवा 104) सँग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ।

(11) गाउँपालिकाभित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क संकलन र अभिलेखीकरण गरी आवधिक रुपमा स्थानीय तहको वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ।

(12) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(13) गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(14) खण्ड (ट) बमोजिमको तथ्याङ्कको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी गाउँपालिकाभित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

6. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्नेः** गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ।

7. **बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिकाभित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवम् अपाङ्गतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ।

8. **बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था:** (१) गाउँपालिकाभित्र फेला परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवम् नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।

## परिच्छेद -४
## बाल कल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण सम्बन्धी व्यवस्था

9. **बाल कल्याण अधिकारीको नियुक्तिः** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एक जना बाल कल्याण अधिकारीको नियुक्ति गरिनेछ।

10. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१को उपदफा (१), नियमावलीको नियम ८२, ऐन तथा नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्यका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल कल्याण

अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(1) गाउँपालिकामा बालबालिका सम्बन्धि सम्पूर्ण क्षेत्र हेर्नु पर्नेछ

**11. समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्तिः** समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

## परिच्छेद -५
## वैकल्पिक हेरचाहको व्यवस्था

**12. वैकल्पिक हेरचाहको व्यवस्थाः** (१) ऐनको दफा ४९ बमोजिम ऐनकै दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा बाल कल्याण अधिकारीले नियमावलीको परिच्छेद -६ बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद - ६
## बाल सहभागिता तथा बाल क्लब, बाल सञ्जाल र बाल संस्था सञ्चालन

**13. बाल सहभागिताको अभ्यासः** (1) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ। आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै अवस्थाका बालबालिका(बालक, बालिका, सबै किसिमका अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि)को सहभागिता सुनिश्चित गरिनेछ।

(2) बाल सहभागिता प्रवर्धनका लागि स्थानीय तहबाट देहायका उपायहरू समेत अवलम्वन गरिनेछः

(1) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध

गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।

(2) गाउँपालिकाभित्र विद्यालयहरूबीच तथा वडा समितिहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकूद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, हिज्जे, चित्रकला, सांस्कृतिक कार्यक्रम आदि), विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुने गरी प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ।

(3) बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट हुन सक्ने देहायका कार्यहरू गर्नमा रोक लगाइनेछः-

(1) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउन,

(2) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(3) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरीत र्याली, जुलुस, सभा आदिमा सहभागी गराउन,

(4) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बाल क्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन,

14. बाल क्लव वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण, काम र कर्तव्य लगायतका व्यवस्थाहरुः यस सम्बन्धी कार्यहरु ऐनको दफा ८, ९ र १० तथा नियमावली को परिच्छेद -२ बमोजिम हुनेछ।

## परिच्छेद -७

## गाउँ बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**15. गाउँ बाल अधिकार समितिको गठनः** ऐनको दफा ६० को उपदफा (२) बमोजिम गाउँपालिकामा गाउँपालिकाका उपाध्यक्ष वा गाउँपालिकाको उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा गाउँ बाल अधिकार समिति रहनेछ। गाउँ बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

देहाय बमोजिम निर्धारण गरिएको छ:-

गाउँ बाल अधिकार समिति

(क) गाउँपालिकाका उपाध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक बिकास समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित 2 जना वडा सदस्य -सदस्य

(ङ) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना -सदस्य

(च) गाउँपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षकमध्ये 1 जना -सदस्य

(छ) गाउँपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञमध्ये 1 जना -सदस्य

(ज) गाउँपालिकाको शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख गरी २ जना -सदस्य

(झ) गाउंपालिका स्तरीय बाल सञ्जालले तोकेको 1 जना बालिका सहित 2 जना -सदस्य

(ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा 1 जना महिला सहित 2 जना -सदस्य

(ट) प्रहरी चौकी प्रमुख, नेपाल प्रहरी -सदस्य

(ठ) गाउँपालिकाभित्रका अस्पताल वा स्वास्थ संस्थामध्ये स्थानीय तहले मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

(ड) बाल कल्याण अधिकारी -सदस्य–सचिव

**16. गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) गाउँ बाल अधिकारी समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक गाउँपालिका नीति, कानून, योजना, कार्यक्रम र

संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिकाभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) गाउँपालिकाभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा वा

तनाव, बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) गाउँपालिकाभित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने ।

(च)गाउँपालिकाभित्रका भौतिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागू गर्ने,

(छ) बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको

क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममापरेकाबालबालिकाकोउद्धार,राहत,संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको

अवस्था समेट्ने गरी गाउँपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक गाउँपालिका प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी गाउँपालिका तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा गाउँपालिकालाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक नियुक्त गर्न गाउँपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(३) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिम यस कार्यविधिको अनुसूची -७ मा रहेका बालबालिका मानिनेछन् ।

17. **समितिको बैठक:** गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

18. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने**: (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल सञ्जाल वा बाल क्लबका प्रतिनिधि तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

19. **वडा बाल अधिकार समिति गठन गर्न सक्ने:** गाउँपालिकाले प्रत्येक वडामा वडा बाल अधिकार समिति गठन गर्न सक्नेछ ।यसरी गठन गरिने वडा बाल अधिकार समितिमा रहने सदस्य संख्या, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि वडा समितिले निर्धारण गरे बमोजि हुनेछ ।

## परिच्छेद -८

## गाउँ बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**20. गाउँ बाल कोषको स्थापना:** (1) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनको लागि एक गाउँ बाल कोष रहनेछ।

(2) उपदफा (1) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) गाउँपालिका न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य स्रोत।

**स्पष्टीकरण:** वैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट बाल कोषमा रकम जम्मा गर्दा नेपाल सरकार अर्थ मन्त्राय वा स्थानीय कानून बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ।

21. बाल कोष सञ्चालक समितिः (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक गाउँ बाल कोष सञ्चालक समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | - संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | लेखा प्रमुख | - सदस्य |
| (घ) | गाउँ बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको 1 जना | – सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**22. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(1) गाउँपालिकाभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको

उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(2) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(3) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २४ बमोजिमको बाल कोषको प्रयोग र दफा २५ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्नेः-

(4) बाल कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने।

**23. बाल कोष सञ्चालक समितिको बैठक:** बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**24. बाल कोषको प्रयोगः** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख) अदालतको आदेशानुसार गाउँपालिकाभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन।

**२५. बाल कोष रकमको खर्च सीमाः** (1) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(1) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.1२ हजारसम्म,

(2) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रू. 2४ हजारसम्म,

(3) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता

भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. ९ हजारसम्म,

(4) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(5) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(2) बाल कोषको रकम तालीम, गोष्ठी,, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतना मूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन।

**26. बाल कोषको खाता सञ्चालनः** (1) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(2) उपदफा 1 बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(3) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**27. बाल कोषको लेखा र लेखापरीक्षणः** (1) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(2) बाल कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद -९
## विविध

**२८. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन र प्रवर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

**२९. व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको

कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुनेछ ।

३०. **संशोधन गर्न सक्ने**: यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

३१. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने**: गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्धन र प्रवर्धनका प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

३२. **खारेजी तथा बचाउ**: बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ । तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम बारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

# अनुसूची -१

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
......पालिका
कार्यपालिकाको कार्यालय
.......................................।

**विषयः- बाल क्लब/ बाल सञ्जाल/बाल स्रस्था दर्ता गरी पाऊ ।**

महोदय,

हामीले ........................................... नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५)बमोजिम /बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

संलग्न गरएिका कागजातहरु

१. प्रस्तावित बाल क्लब, बाल सञ्चाल वा बाल संस्थाको विधान,
२. प्रस्तावित बाल क्लब, बाल सञ्चाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,
३. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
४. बाल क्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
५. बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
६. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने

पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

निवेदक

अध्यक्ष

## अनुसूची –२

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता प्रमाणपत्र**

जलजला गाउँपालिका
पर्वत जिल्ला
गण्डकी प्रदेश

**दर्ता प्रमाण-पत्र**

दर्ता नं.
मितिः

श्री......................................./बाल क्लब/बाल सञ्जाल/बाल संस्था
ठेगाना .......... ।
.................... जिल्ला ...........................पालिका ...... नं. वडाको ...................... विद्‌यालय/समुदायमा गठन गरिएको .......................संस्था/बाल क्लब/बाल सञ्जाल/बाल संस्थालाई यस .......................... पालिकामा दर्ता गरी बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) अनुसार यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ।
बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही बाल अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धर्न गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।

दस्तखतः

नाम :

पद :

## अनुसूची –३

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जलजला पालिका
गाउँकार्यपालिकाको कार्यालय
..................................।

**विषयः- बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गरी पाऊ ।**

महोदय,

................ जिल्ला .................पालिका ....... नं. वडा .......... स्थित ..............................विद्यालय/समुदायमा आधारित हाम्रो ................................... नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था .............................. पालिकामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति.................मा दर्ता भै क्रियाशील रहदै आएको छ । हाम्रो दर्ता नं........रहेको छ । यस सिलसिलामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजियो /बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो/बाल क्लब/बाल सञ्जाल/बाल संस्थाले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस/बाल क्लब/बाल सञ्जाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न कागजातहरुः

१. आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२. कार्य समिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

अध्यक्ष

# अनुसूची -४

## बाल क्लब/बाल सञ्जाल/बाल संस्थााको दर्ता किताव

......... ....गाउँपालिका

........... जिल्ला

......... प्रदेश

| क्र.सं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची -५

## बाल क्लब/बाल सञ्जाल/ बाल संस्था नवीकरणको दर्ता किताब

......... ....गाउँपालिका

........... जिल्ला

......... प्रदेश

| क्र.सं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसुची -६

## स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

मिति .......................

श्री ...... गाउँ बाल अधिकार समिति/न्यायिक समिति

**.........** ....गाउँपालिका ।

**विषयः-** **उजुरी सम्बन्धमा ।**

१. विद्यार्थीको नाम थर ...........................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.................. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम ..................................................................

४. उमेर ..........................

५. लिङ्ग .................

६. गुनासो तथा घटनाको संक्षिप्त विवरण ................................................................. .......

........................... ............................. ........................................... ......

७. घटना घटाउने व्यक्ति ..................................................................

८. घटनाको प्रकृति ................................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो .................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन्?

........................................................................................................................
........................................................................................................................
......................................................................................

निवेदकको दस्तखत

## अनुसूची -७

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

(१) अनाथ बालबालिका,

(२) अस्पतालमा बेवारीस अवस्थामा छोडिएका बालबालिका,

(३) कुनै सार्वजनिक स्थानमा बेवारीस अवस्थामा छोडिएका बालबालिका,

(४! बेवारीस फेला परेका बालबालिका,

(५) बाबुआमाबाट अलग्गिएका बालबालिका,

(६) बाबुआमा पत्ता नलागी बेवारीस भएका बालबालिका,

(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(८) कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(९) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(१०) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(१२) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,

(१३) धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(१४) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको बालबालिका,

(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(१६) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१७) विपद वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका बालबालिका,

(१८) बाबुआमा दुवै वा आमा बाबुमध्ये एक बेपत्ता भएका बालबालिका,

(१९) आफै शारीरिक वा मानसिक रूपमा घाइते भएका बालबालिका,

(२०) अपाङ्गता भएका बालबालिका,

(२१) विपन्न दलित समुदायका बालबालिका,

(२२) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।